Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74200
Research Article
ISSN: 3021-9035 Print

# मस्टो : प्युठानका खसहरूको जीवित संस्कृति

**भरतमणि भण्डारी**
*manibhandari2049@gmail.com*

## लेखसार

वास्तवमा मानिसहरू नै संस्कृतिको जननी हुन्। मानिसले आफ्नो अस्तित्त्वका लागि संस्कृतिको सृजना गर्दै त्यहीअनुसार अनुकुलन गर्दै गयो। त्यसकारण मानिस अरू प्राणीभन्दा भिन्न छ। सभ्यताको सुरुआतदेखि मानिसले सैद्धान्तिक र व्यावहारिक ज्ञानलाई संस्कृतिको रूपमा सङ्कलन र संरक्षण गर्दै आएको छ। संस्कृति भनेको उपलब्धिहरूको सङ्ग्रह हो, जुन विस्तारै विस्तारै विकसित हुँदै जान्छ। कुनै समय पश्चिम नेपाल कुमाउँ, गढवाल तथा तिब्बतको खारी प्रदेशसम्मको सवा लाख पर्वतयुक्त क्षेत्रलाई खसान क्षेत्र भनेर चिनिन्थ्यो। समयको विकाससँगै उक्त क्षेत्रमा खसहरूले आफ्नै भाषा र संस्कृतिको निर्माण गरे। खस संस्कृतिको प्रमुख पक्ष भनेको मस्टो संस्कृति हो। प्युठानका खस जातिहरूको महत्त्वपूर्ण पक्ष कुलपूजा हो, जसमा विशेषगरी मस्टो पूजा गरिन्छ; जसमा उनीहरूले आफ्नो मस्टो देवताको सर्वोच्च शक्तिमा विश्वास गर्दै कुलपूजामा बोका बली चढाउँछन्। उक्त अनुष्ठानबाट कुल देवतालाई खुसी पारी आफूहरूलाई हानि र अन्य समस्याबाट जोगाउने कुरामा विश्वास गर्छन्। तसर्थ मस्टो संस्कृति प्युठानका खसहरूको सांस्कृतिक सम्पदाको समृद्धि झल्काउने जीवन्त र लामो समयदेखि चलिआएको परम्परा हो। यो लेखमा यिनै खसको इतिहास, उत्पत्ति र संस्कृतिको जानकारी दिँदै विशेषगरेर प्युठान जिल्लामा खसहरूले मनाउने यी अनुष्ठान र मस्टो पूजाको अद्वितीय विशेषताका बारेमा जानकारी दिइएको छ। यसका साथै यो लेखमा खसहरूको मौलिक पहिचान भनेको मस्टो संस्कृति हो भन्ने निस्कर्ष निकालिएको छ।

## शब्दकुञ्जी

मस्टो, खस, देवाली, अनुष्ठान र संस्कार

## विषय प्रवेश

यस लेखमा प्राचीन समयदेखि प्युठान जिल्लामा खसहरूले परम्परागत रूपमा मान्दै आएको मस्टो संस्कृतिको अन्वेषण र विश्लेषण गरिएको छ। खस समुदायले कर्णाली तथा नेपालको पश्चिम क्षेत्रमा मस्टो संस्कृतिको विकास गरे। यसले विस्तारै प्युठानसँगै नेपालको हिमाली क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्दै गयो। यस शैक्षिक अन्वेषणले प्राथमिक र द्वितीय तथ्याङ्क स्रोतहरू प्रयोग गरी मस्टो संस्कृतिको उत्पत्ति, फैलावट तथा विशिष्टताको अध्ययन गर्दछ। विशेषगरेर श्रमविभाजन र सृजनशीलताको क्षेत्रमा आफ्नो विकासशील ज्ञानको कारणले मानव जाति सबै जीवित प्राणीभन्दा अलग रहेको छ। प्राचीनकालदेखि नै मानिसले आफ्नो वरपर घटेका विभिन्न प्राकृतिक तथा कृत्रिम गतिविधिलाई निरन्तर प्रश्न गर्दै आएको छ। उक्त प्रश्नको उत्तर सञ्चित ज्ञानका रूपमा विकास भएर संस्कृतिको रूप धारण गरेको छ।

संस्कृतिले मानिसको जीवनशैली र विश्वदृष्टकोण प्रतिबिम्बित गर्छ; जसले मानवका लागि अद्वितीय सैद्धान्तिक र व्यावहारिक ज्ञानलाई समेट्छ। तसर्थ संस्कृतिले मानव उपलब्धिको सङ्ग्रहको रूपमा मानिसलाई जनावरबाट अलग बनाउँछ। सांस्कृतिक विशेषताहरू मूर्त र अमूर्त दुवै व्यक्तिको आविष्कारको माध्यमबाट एकअर्कालाई निरन्तर प्रभाव पार्दै समयसँगै विकास हुन्छन्। खाना, आश्रय तथा

प्रजनन्मा आश्रित मानिसले आफ्नो आवश्यकताको लागि वनस्पति र जनावरको प्रयोग गर्न सिके, जसलाई मानिसले आफ्नो संस्कृतिको अभिन्न अङ्ग बनाए । बाह्य शक्तिमा निर्भरताको बाबजुद मानिसले आफ्नो चेतना र व्यवहारको बिचमा एउटा ज्ञानको खाडल पाए। उक्त ज्ञानको खाडलमा मानिसले एउटा परम शक्ति वा भगवान्को कल्पना गरे। मानिसले जीवनको कठिन परिस्थितिमा सहारा खोज्नका लागि उक्त सर्वोच्च शक्ति वा अदृश्य शक्तिमा विश्वास गर्न थाले, जुन सर्वोच्च शक्तिलाई मानिसले आआफ्नो भूगोल, क्षेत्र र भाषाअनुसार भिन्नभिन्न नाम दिए। उक्त शक्तिको विश्वास मानिसमा विभिन्न धार्मिक अभ्यासमा परिणत भयो, जसलाई विभिन्न समुदायले आफूअनुकूलित र सुधार गर्दै गए। यी धार्मिक अभ्यासभित्र धार्मिक अनुष्ठानको प्रमुख भूमिका हुन्छ, जुन मानिसको विश्वासलाई बलियो बनाउने र धार्मिक गतिविधिलाई व्यवस्थित गर्ने माध्यम हुन्।

प्रकार्यवाद सिद्धान्तका संस्थापक व्यक्तित्व इमाइल दुर्खिमले समाजलाई स्थिर राख्न, सामाजिक व्यवस्था र एकताको महत्त्वपूर्ण भूमिकामा जोड दिए। उनले संस्कृति भनेको साझा विश्वास, मूल्य र मान्यताको सङ्ग्रह हो भन्ने कुरामा जोड दिँदै यसले सामाजिक जीवनलाई नियमित गर्न मदत पुर्‍याउँदछ भन्ने तर्क गर्छन्। धार्मिक अनुष्ठान र नैतिक मूल्यजस्ता सांस्कृतिक तत्त्वले सामाजिक बन्धन र एकतालाई सुदृढ पार्न महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछन्। आफ्नो पुस्तक 'द डिभिजन अफ लेबर एन्ड सोसाइटी' मा दुर्खिमले सांस्कृतिक मानक र संस्थाहरूले समाजमा मानिसका बिचमा साझा उद्देश्य र पहिचानको भावना प्रवर्धन गरेर स्थिरता कायम गर्न कसरी मद्दत गर्छ भन्ने कुराको विश्लेषण गरे (दुर्खिम, सन् १९९७, पृ. ४१) । समग्रमा दुर्खिमको संस्कृतिसम्बन्धी प्रकार्यवादी दृष्टिकोणले सामाजिक एकता प्रवर्द्धन गर्न, समुदायभित्र सन्तुलन कायम राख्न संस्कृतिको भूमिकालाई प्रवर्द्धन गर्दछ।

प्युठान क्षेत्र पश्चिम नेपालको बाईसे/चौबिसे राज्य उदय हुनुअघि खसिया मल्लहरूको एउटा महत्त्वपूर्ण अङ्ग थियो। जुम्लाको खस राजा पृथ्वी मल्लको उत्तराधिकारी कमजोर भएको र राजपुत आक्रमण गर्दा उक्त खस राज्य विभिन्न राज्यहरूमा विभाजित हुन पुग्यो, जसअन्तर्गत ईसाको पन्ध्रौँ शताब्दीतिर प्युठान चौबिसे राज्यअन्तर्गत चन्द राजाहरूले प्युठानको भित्रीकोट राजधानी गराएर शक्तिशाली प्युठान राज्य स्थापना गरे। चन्दवंशीय अन्तिम राजा रुद्रप्रताप चन्दको पालामा १८४३ कात्तिक १९ गते प्युठानको चन्द राज्य विशाल नेपालमा समाहित भयो (गिरी, २०७२, पृ.१५)।

खसहरूको महत्त्वपूर्ण अङ्गका रूपमा रहेको प्युठानमा चन्दवंशीय राजाको पालामा पनि खस अरू राज्यका महत्त्वपूर्ण अङ्गहरूमा रहेका थिए। विशेषगरेर उमारा, भण्डारे तथा द्वारे पदमा खस नै रहेको पाइन्छ। चन्द राजाहरूले विभिन्न मन्दिरलाई गुठी दिँदा खसका विभिन्न थरका व्यक्तिहरू; जस्तै– खड्का, घर्ती, थापा, दसौती आदिको नाम उल्लेख भएको आधारमा खसहरू राज्यको महत्त्वपूर्ण स्थानमा थिए भन्ने बुझिन्छ।

अहिले पनि प्युठानमा खसको उपस्थिति उल्लेख्य छ। विशेष गरी रिजाल, खड्का, विष्ट, सुनार, गिरी, पोखेल भण्डारी, थापा, बुढाथोकी, बस्नेत, घर्ती आदि खसहरू प्युठानका विभिन्न ठाउँमा बसोबास गर्ने गर्दछन्। कर्णाली क्षेत्रको विभिन्न ठाउँमा उद्गम स्थल भएका प्युठानका खसहरूले उक्त क्षेत्रमा उत्पत्ति र विकास भएको मस्टो संस्कृतिको अनुसरण गर्दछन्। प्युठानको दाखा क्वाडीमा चन्द राजाले दिएको मस्टोको गुठी भएकाले मस्टो संस्कृतिको ऐतिहासिकतालाई पुष्टि गर्दछ।

प्राचीनकालदेखि नै प्रकृति पूजा गर्ने खसहरूले आफ्नो प्रमुख देवताको रूपमा मस्टो देवतालाई आफ्नो कुल देवताका रूपमा पुज्ने गर्छन्। मस्टोलाई बाह्र भाइ र नौ बहिनी भएको देवता मानिन्छ, जसलाई क्रमशः बाह्र मस्टो र नौ भगवती भनिन्छ। तिनीहरूको पूजा प्युठानको खस संस्कृतिको अभिन्न अङ्ग हो। देवाली पूजाको अवसरमा प्युठानका खस समुदायले यो क्षेत्रको महत्त्व राखेको मस्टो संस्कृतिको अनुपम अभ्यासमा सक्रियतापूर्वक संलग्न हुने अनुसन्धानकर्ताको तर्क छ।

## *अध्ययन विधि*

यो अनुसन्धान तथ्यपरक तथा प्रमाणिक बनाउन

वर्णनात्मक विधि अपनाएर यो अध्ययन कार्यलाई सम्पन्न गरिएको छ । सम्बन्धित क्षेत्रको स्थलगत भ्रमण गरेर सम्बन्धित सरोकारवालासँग प्रत्यक्ष भेटघाट र कुराकानी गरी प्राथमिक स्रोत सामग्रीको सङ्कलन गरिएको छ। विभिन्न प्रकाशित पुस्तक, शोधग्रन्थ, अध्ययनपत्र, लेखरचना तथा पत्रपत्रिका आदि सामग्रीलाई द्वितीय स्रोत सामग्रीका रूपमा लिइएको छ । यी सामग्री उपलब्धताको लागि विभिन्न वेबसाइट र पुस्तकालयको प्रयोग गरिएको छ। वर्णनात्मक विधिअर्न्तगत सङ्कलित सामग्रीबाट प्राप्त सूचना तथा सामग्रीलाई वर्णनात्मक तथा विश्लेषणात्मक विधिको आधारमा विश्लेषण गरिएको छ।

## *नेपालको खस : उत्पत्ति र इतिहास*

खस जाति नेपालको सबैभन्दा पुरानो र महत्त्वपूर्ण जातिहरूमध्ये एक हो। उनीहरू हजारौँ वर्षदेखि नेपालमा बसोबास गर्दै आएका छन्, जसको कारण उनीहरू नेपालका आदिवासीहरू हुन्। घुमन्ते अवस्थामा नै रहेको अवस्थामा नै सर्वप्रथम नेपाललाई स्थायी बसोबास बनाएका खस जातिहरूको नेपालमा लामो इतिहास छ। विशेषगरी नेपालको कर्णाली र सुदूरपश्चिम क्षेत्रमा लामो समयदेखि बसोबास गर्दै आएका उक्त जातिले त्यो क्षेत्रमा भाषा, धर्म र संस्कृतिको विकास गरे। तिनीहरू मुख्यतया हिमवतखण्ड क्षेत्रमा धेरै लामो समयदेखि बसोबास गर्दै आएका छन्। तिनीहरूको सम्पदा, भाषा, धर्म र संस्कृति अझै मजबुत छन् (अधिकारी, २०११, पृ. २७)। भारतमा वैदिक सभ्यता र हिन्दु संस्कृति फैलिनुअघि खसहरू हिमवत्खण्डका प्रमुख बासिन्दा थिए। त्यसकारण खसहरूलाई पूर्व वैदिक जाति मानिन्छ । तिनीहरू शताब्दियौँदेखि हिमालय वरिपरि बसोबास गर्दै आएका छन्। कालान्तरमा खस जातिहरू नेपाल, भारतको उत्तराखण्ड, पश्चिमबङ्गाल तथा सिक्किमलगायत दक्षिण एसियाका विभिन्न भागमा फैलिएका छन् (सरकार, सन् १९६७, पृ. ५९ )। खस जातिको प्राचीन इतिहास खोतल्दा नेपालबाहिर कुमाउँ, गढवाल, कास्मिर, बाल्हिक, इरान र इराकको सिमानामा पर्ने खासिस्तान हुँदै पश्चिम एसियाको बेबोलोनिया साम्राज्यसम्म पुग्नुपर्ने हुन्छ। प्रथमपटक इसापूर्व १८०० तिर पश्चिम एसियामा उपस्थित कश जातिको इतिहास बेबोलोनियासँग जोडिएको र इसापूर्व १७०० तिर खसहरूले कश साम्राज्य स्थापना गरेर आफ्नो धर्म, संस्कृति तथा राज्य सञ्चालनका पूर्वाधार विकास गरिसकेको तर्क इतिहासविद्हरूको छ (अधिकारी, २०६१. पृ. १९)। कश वा खसहरू बेबोलोनियाबाट मध्यएसियामा अगाडि बढ्ने क्रममा कस्मिर र हिमाचलसम्म खसहरूको प्रभाव बढ्दै गयो । विभिन्न विद्वान्को फरकफरक भनाइ रहे तापनि इसाको पाँचौँ शताब्दीपूर्व नै खसहरू कुमाउँबाट पश्चिम नेपालमा भित्रिसकेको तर्क बलियो देखिन्छ (अधिकारी, २०६१पृ. २५)।

मुगलहरूले भारतमा आक्रमण गरेपछि उक्त क्षेत्रका धेरै ब्राह्मणहरू नेपालको पश्चिमी पहाडको खस क्षेत्रतिर लागे। त्यो बेला उनीहरूको जीविकोपार्जनको साधन कृषि नै थियो। ब्राह्मणहरूले आफ्नो ज्ञान र शिक्षण कौशलको क्षमताले गर्दा खस समुदायमा हिन्दु धर्म फैलाए। उनीहरूले उक्त काम समाजमा खसहरूलाई उच्च स्थान दिने गरी गरे। यसको परिणामस्वरूप खस राजा र सामन्तीहरूलाई क्षेत्री उपाधि दिइयो भने किसान र कामदारलाई तल्लो जातका रूपमा रहन दिइयो (विष्ट, सन् २०१५, पृ७५–७८) । हिन्दु धर्मले खस समाजमा मानिसलाई उच्च वा तल्लो जातको रूपमा विभाजन गऱ्यो (पुरी, २०१४, पृ. २९)।

खस शब्दले कुनै विशेष जातिलाई जनाउँदैन, तर नेपालमा समान जनजातीय मूल भएका मानिसहरूको समूहलाई वर्णन गर्न प्रयोग गरिने सामान्य शब्द हो। यस समूहमा क्षेत्री, ठकुरी, बाहुन, कामी, दमाई, सार्की, भाट, बाली, गाइने र सन्यासीजस्ता विभिन्न जातिहरू समावेश छन्। नेपालमा खस जातिको आगमन कसरी भयो र तिनीहरूको ठ्याक्कै उत्पत्ति के हो भन्ने विषयमा पूर्ण रूपमा जानकारी नभए पनि खस शब्द ककास वा कशबाट विकसित भएको हुन सक्छ। केही सिद्धान्तहरूले यसलाई ककेसस र क्यास्पियन शब्दसँग सम्बन्धित भएको सङ्केत गर्छन्, जुन पश्चिम एसियाको एक समुद्रको नाम हो, जहाँ खस जातिलाई कश भनेर चिनिन्थ्यो।

खसहरू मूल रूपमा पश्चिमी तिब्बतमा बस्ने मानिसको

समूह थियो। तिनीहरू भारतमा वैदिक सभ्यताको विकास हुनुअघि हिमवतखण्ड क्षेत्र र नेपालमा बसाइँ सरेका थिए। खस जातिहरू मूल रूपमा घुमन्ते थिए । भारतमा आर्य सभ्यताको विकास हुँदासम्म देशको उत्तरी भागमा बसोबास गरिसकेका थिए। उनीहरू उत्तरपश्चिमबाट पहाड हुँदै पूर्व र दक्षिणतर्फ सरे, जसले गर्दा भारतको मैदानी क्षेत्रमा वेद सभ्यता स्थापना गर्ने आर्य र खसबिचको सम्बन्ध ढिलो मात्र स्थापित भयो । खसक्षेत्र उत्तरपश्चिम नेपालदेखि करिब ४००० किलोमिटर क्षेत्रफलसम्म फैलिएको थियो, जसमा नेपालको सुदूरपश्चिम तथा कर्णाली क्षेत्र समावेश थियो (अधिकारी, सन्१९८८,पृ. २१-२५)। समय बित्दै जाँदा तिनीहरू विस्तारै मध्यपश्चिम, गण्डकीक्षेत्र, नेपालको पूर्वी भागका साथै भुटान, सिक्किम, आसाम, मेघालय र पश्चिम म्यान्मारसम्म फैलिएका थिए । यसको परिणामस्वरूप हिमवतखण्डका धेरै क्षेत्रहरूमा खस जातिको भाषा र संस्कृतिको प्रभाव देख्न सकिन्छ।

वास्तवमा खसहरू नेपाली भाषा र संस्कृतिका जननी हुन्। नेपालको कर्णाली र सुदूरपश्चिम क्षेत्रमा आफ्नो भाषा तथा संस्कृतिका विकास गरेका खसहरू विभिन्न कारणले आजकल सबै क्षेममा छरिएका छन्। प्रायःजसो मध्य र पूर्वी जिल्लासहित नेपालको मध्यपश्चिम तथा सुदूरपश्चिम जिल्लामा उनीहरूको बसोबास रहेको पाइन्छ ( प्रधान र श्रेष्ठ, सन् २००५, पृ. ९)। हाल धेरैजसो खसहरू दुर्गम हिमाली क्षेत्रमा आफ्नो सांस्कृतिक सम्पदा र मूल्यको संरक्षण गर्दै परम्परागत रूपमा बसोबास गरेका छन्, जसको कारणले उक्त क्षेत्र खस संस्कृतिका लागि सुरक्षित स्थल बन्न पुगेका छन् (थापा, सन् २००२, पृ. ३०)। तर नेपालका अन्य क्षेत्रमा फैलिएका खस संस्कृति सामाजिक, सांस्कृतिक परिवर्तनको मारमा परेको छ।

## *मस्टो : खसहरूको प्रमुख संस्कृति*

खस संस्कृति नेपालमा बसोबास गर्ने खस समुदायमा शताब्दियौँदेखि विकसित हुँदै आएको छ। उनीहरू प्रकृतिप्रति गहिरो श्रद्धा राख्दै विभिन्न देवता; जस्तै- मस्टो, वनदेवता, गोठदेवता, माटो, दुबो, बरपिपल, तुलसी, जलदेवता, झाँक्रीको पूजा गर्ने गर्छन् । खस संस्कृतिमा मस्टोको विशेष स्थान रहेको छ र मुख्य रूपमा ढँडार मस्टो, खप्पर मस्टो, तेडी मस्टो, मण्डली मस्टो, कालाशील मस्टो, रुमाल मस्टो बुडु मस्टो, थार्पा मस्टो, दाहारे मस्टो, दुधे मस्टो, बाबिरो मस्टो आदि बाह्र मस्टोको पूजा गरिन्छ। बाह्र भाइ मस्टोका साथै खस समुदायमा नौ बहिनी भगवतीको पनि अस्तित्वमा विश्वास गरिन्छ। ती नौ भगवतीमा मालिका, त्रिपुरासुन्दरी, खेस मालिनी, पुँगेल्नी, कनकासुन्दरी, जाल्पा, ठिँग्याल्नी, हिमालिनी र विन्दाबासिनी पर्छन् (कार्की,२०१८, पृ. ३० )। मस्टो शब्द प्राचीनकालदेखि नै प्रयोग हुँदै आएको छ र कर्णाली क्षेत्रको जनताको जीवनमा गहिरो रूपमा गाँसिएको छ । कर्णाली क्षेत्रको इतिहास तथा संस्कृति मस्टो विना अपूर्ण मानिन्छ (जोशी, सन् १९७१, पृ.५१) ।

मस्टो संस्कृति नेपालको कर्णाली क्षेत्रमा गहिरो जरा गाडिएको धार्मिक र सांस्कृतिक प्रचलन हो, जसले स्थानीय समुदायको धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनशैलीमा महत्त्वपूर्ण स्थान राख्छ। मस्टोले त्यो समुदायको आध्यात्मिक चिन्तन प्रणाली र परम्परागत अभ्यास समूहको प्रतिनिधित्व गर्छ; जसमा कर्णाली क्षेत्रको विशेष सामाजिक, सांस्कृतिक र धार्मिक तत्त्वहरू समेटिएका हुन्छन् । तसर्थ मस्टो संस्कृति कर्णाली, मध्यपश्चिम तथा सुदूरपश्चिमको सांस्कृतिक धरोहरको एक अभिन्न अङ्ग हो ।

परम्परा भनेको कथा र विश्वासको एउटा समूह हो, जुन पुरातन समयदेखि निरन्तर चलिआएको छ । यी परम्पराहरू मौखिक वर्णन, अभ्यास, लोककथा, रीतिरिवाज र अनुष्ठानमार्फत एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुन्छन् । यस्तै एउटा परम्परा मस्टो परम्परा हो, जुन विशेष रूपमा कर्णाली, मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रमा अभ्यास गरिन्छ। खस समुदायका लागि मस्टो, कुल देवता वा मुख्य देवताको रूपमा प्रमुख भूमिकामा रहन्छन्। मस्टो देवताका लागि कुनै रूप वा मूर्ति हुँदैन । यसको सट्टा मानिसले आफ्नो मन तथा हृदयमा बास बसेको विश्वास गर्छन्।

मस्टो संस्कृति मानिसहरू बिचमा सभ्यतासँगै विकास भएको देखिन्छ। मस्टो देवताले सबैलाई समान व्यवहार गर्दै जसले दुःख, शोषण, उत्पीडन र सीमान्तकृतहरूको

पारिवारिक देवताका रूपमा पूजा गरिन्छ। यी यथार्थलाई बुझेर खसहरूले मस्टो संस्कृति अपनाएका छन्, जुन अहिले उक्त समुदायमा व्याप्त छ। देश, जनता, परिवार र वातावरणको ख्याल गर्ने भएकाले मस्टो देवता नेपाली खस समुदायको महत्त्वपूर्ण देवता हुन् भन्ने कुरामा कुनै शङ्का छैन। तसर्थ मस्टो संस्कृति नेपाली संस्कृतिको मुख्य खम्बा हो।

## *देवाली (कुलपूजा) : प्युठानमा मस्टो पूजा*

विक्रमको बाह्रौं शताब्दीमा नाग राजाले जुम्लाको सिँजालाई राजधानी बनाएर पश्चिम नेपालमा खस साम्राज्य स्थापना गरे। कर्णाली क्षेत्र तथा पश्चिम नेपालमा विकसित भएको खस संस्कृति खस साम्राज्यको विस्तारसँगै नेपालका विभिन्न भागमा विस्तार हुन पुग्यो। उक्त खस संस्कृतिको अभिन्न अङ्ग मस्टो संस्कृति पनि यसबाट अछुतो रहेन। विशेषगरेर नेपालको कर्णाली, मध्य र सुदूरपश्चिमको क्षेत्रमा एउटा प्रमुख संस्कृतिको रूपमा रहेको मस्टो संस्कृतिको प्रभाव प्युठानमा पनि विद्यमान छ। प्युठानमा पनि खसले आफ्नो कुलपूजामा कुलदेवताको रूपमा मस्टो पूजा गर्ने गर्छन्।

प्युठानमा उनीहरू बसाइँ सरेका ठाउँहरूका आधारमा र कुनै समयका पेसाउपाधिको आधारमा विभिन्न नामका थरले चिनिएका खसहरूले आफ्नो कुलदेवताको रूपमा भिन्नाभिन्नै नामका मस्टो देवताको पूजा गर्ने गर्दछन्, जसको कुलपूजा गर्ने तरिका पनि फरकफरक हुन्छ। प्युठानमा पूजा गरिने मस्टो देवतामा दाह्रे, मण्डली, खप्पर तथा रुमाल मस्टोको साथै कैलावासिनी, विन्दाबासिनी, रुमाली आदि भगवतीहरूको पूजा गरिन्छ। विशेषगरेर प्युठानमा दाह्रे मस्टोको पूजा व्यापक हुन्छ। यसका साथै उक्त कुलपूजाहरूमा आफ्नो इष्टदेवताको रूपमा बराह देवता पुज्ने गर्दछन्। प्युठानका खस जातिको विशेष सांस्कृतिक परम्परा देवाली सबै खस समुदायले गर्ने भए पनि लुङका रिजालको देवाली, लुप्लुङका भण्डारीहरूको देवाली तथा दलित समुदायअन्तर्गतको लम्चयाङको सुनारहरूको संसारे देवाली विशेष मानिन्छ। त्यसबाहेक प्युठानका प्रत्येक खसले मङ्सिर महिनाका शुक्लपक्षका विभिन्न दिनमा कुलपूजा उत्सवको रूपमा मनाउँछन्। वास्तवमा मङ्सिरको १५ दिन प्युठान उत्सवमय नै हुन्छ।

देवालीमा कुलदेवताको पूजा गर्ने विशेष संस्कार विश्वास र कार्यहरू समावेश भएका हुन्छन्। यसको उद्देश्य परिवार तथा व्यक्तिको कल्याणका लागि आशीर्वाद प्राप्त गर्नु हो। उक्त अनुष्ठान प्रत्येक तीन वा पाँच वर्षमा हुन्छ र प्रत्येक एकाघरबाट एउटा बोकाको बलि चढाइन्छ। यो परम्पराले खस परिवारलाई एउटै साझा पहिचान र छानामुनि एकत्रित गर्ने कार्य गरेको छ।

## *देवालीको अनुष्ठान*

प्युठानमा खस समुदायले गर्ने कुलपूजालाई स्थानीय रूपमा देवाली भनिन्छ, जसमा मस्टो पूजा गरिन्छ; जसलाई स्थानीयले मस्ट भन्छन्। यहाँ मस्टोले कुललाई बुझाउँछ, जसको अर्थ घरको देवता हो। मस्टो निराकार हुन्छ। यसको छुट्टै मन्दिर अथवा मूर्ति हुँदैन तर प्रत्येकको घरमा कुलदेवताका लागि विशेष स्थान बनाइएको हुन्छ। परिवारका सदस्यहरूको दुःख, विपत्, उन्नति प्रगति तथा विभिन्न पारिवारिक समारोहमा कुलदेवताको रूपमा मस्ट महाराजलाई ध्वजा र आगोमा घिउको धुप चढाउने गरिन्छ। तसर्थ मस्टोको पनि कुनै दृष्य वा रूप नभए पनि यसमा यति ठुलो शक्ति मानिन्छ कि यसले मानिसको कर्मको आधारमा जीवनमा प्रभाव पार्न सक्छ। सारमा देवाली मस्टो पूजा गर्ने एक अनुष्ठान हो।

मस्टो निराकार हुने भएकाले सामान्य व्यक्तिबाट मस्टोपूजा हुन सक्दैन। कुलपूजामा मस्टो बोलाउने पूजा गर्ने तथा बिदा गर्ने एक विशेष क्षमता हुने मानिस हुन्छन्। उक्त व्यक्तिलाई मूलधामी वा धामी भनिन्छ। कुलपूजा धामीहरूले आफ्नो उत्पत्ति, विस्तार र शाखा सन्तानका बारेमा झाँकमा बताउने गर्छन्। मस्टो देवता चढेका धामीमा यस्तै ऐतिहासिक कुरा, समसामयिक विषय र भविष्यवाणी गर्ने क्षमता हुन्छ भन्ने कुरामा प्युठानका जनसाधारणले विश्वास गर्छन्। कतिपय अवस्थामा त धामीहरूले बिरामीको औषधी उपचार गरेको पनि देखिन्छ। यस्ता धामीले बिरामीको

उपचार गरेको विश्वास स्थानीयवासीमा रहिआएको छ।

धामी, परिवारका सदस्य र कुल देवताबिचको मध्यस्थकर्ताको रूपमा रहने विश्वास गरिन्छ। तिनीहरूसँग आफ्नो शरीरमा कुलदेवताको आत्मालाई पूर्ण रूपमा बोलाउने ईश्वरीय शक्ति हुन्छ भन्ने कुरामा आम मानिसबाट विश्वास गरिन्छ; जसको माध्यमबाट मानिसहरू देवतासँग सिधा सम्पर्क गर्न र आफ्ना दुःख र पीडा बाँड्न सक्दछन्। प्रत्येक कुलका आआफ्नै धामी हुन्छन्, जसमा दिव्यशक्ति हुनुपर्ने र कुलदेवतासँग सम्पर्क गर्न सक्ने ईश्वरीय शक्ति हुन्छ भन्ने कुराको ती प्रत्येक कुलबाट विश्वास गरिन्छ। धामीहरू आफ्नै जातिका सदस्य हुन्छन्, जसलाई देवताले आफैँ चयन गरेको विश्वास गर्ने गरिन्छ। ती धामीहरू देवताका जीवित प्रतिनिधि हुन्, जसलाई दैविक शक्तिहरू प्रदान गरेको विश्वाससमेत गरिन्छ। यहाँको सामाजिक प्रचलनअनुसार कुनै व्यक्ति आफ्नो इच्छाले मात्रै धामी बन्न सकैन। धामी बन्नका लागि देवताको दैविक शक्ति प्राप्त गरेको हुनुपर्ने जनविश्वास यहाँ रहिआएको छ। तसर्थ धामीहरू मस्टो पूजाको एक महत्त्वपूर्ण हिस्सा हुन् भन्ने निष्कर्षमा पुग्न हामी बाध्य हुन्छौँ।

यहाँ मुख्य अनुष्ठान सुरु हुनुभन्दा ३ वा ४ दिन अगाडि देवाली पर्व सुरु हुन्छ। त्यसपछि गृह शुद्धीकरण अर्थात् व्रत बस्ने गरिन्छ। धामी तथा पुजारीहरूका लागि त यस्तो व्रत अनिवार्य नै हुन्छ। घण्ट, चमर र दियोको दैनिक पूजा गरेर धामी आफ्नो कुल देवता र इष्ट देवताको नाम लिई काम्ने गर्दछन्। यसका साथै उनीहरू आफ्नो कुलदेवता, इष्टदेवता र आफ्नो जाति वा वंशको उत्पत्तिको ठाउँको नाम लिएर नाच्ने गर्दछन्। उक्त परम्परालाई जाहान तथा झाँक गर्ने भनिन्छ। उक्त पूजा निश्चित जातिको मूल घरमा तेस्रो वा चौथो दिनसम्म निरन्तर चल्छ। उक्त पूजा अनुष्ठानमा विभिन्न ठाउँमा छरिएर रहेका सदस्यहरू जम्मा भएर दैनिक रूपमा पूजा गर्ने गरिन्छ।

मस्टो र भगवतीको प्रतिनिधित्व गर्ने दियोको पूजा मूल घरमा गर्ने गर्छन्। उक्त पूजामा बाँस, उखु र निगालो प्रजातिको लिङ्गो अनिवार्य हुन्छ। पूजाको अन्तिम दिन उनीहरू दियो, धजाहरूको सङ्ग्रह (आलम), घण्ट, कलश, निमको बोको, आआफ्नो भाकल, विवाह, पूतबढाइ नामका बोका, बाजागाजा झाँकीसहित गौरा प्रवेश गर्छन्। कुलपूजाको दुई वा तीन दिनअगाडि गौरा बार्ने (विभिन्न रूखका स्याउलाले नदेखिने गरी पर्खाल छोप्ने) चलन हुन्छ। उनीहरूमा आफ्नो कुल वा मस्टो वा बली मारको दृष्य अरूलाई देखाउन हुँदैन भन्ने मान्यता पाइन्छ। गौराभित्र मस्टो भगवतीका लागि विशेष क्षेत्र बनाइएको हुन्छ, जसलाई मस्टथान भनिन्छ। उक्त मस्टथानमा धामी तथा पुजारीले तान्त्रिक विधिमार्फत पूजा सकेपछि एक विशेष स्थानमा बलि चढाउने प्रक्रिया सुरु हुन्छ। बलि शारीरिक रूपमा सक्षम पुरुष सदस्यद्वारा चढाइन्छ; जसले बोकालाई एउटै प्रयासमा काट्नुपर्दछ। यदि बोकालाई एउटै प्रयासमा काट्न सकिएन भने परिवारमा दुर्भाग्य ल्याउने विश्वास उनीहरूको छ। पूजा समाप्त भएपछि बलि चढाएको बोकाको मासु मस्टोको प्रसादको रूपमा आफ्ना नातारिस्तेदारलाई बोलाएर भोज खुवाइन्छ।

तसर्थ मस्टो संस्कृति र यससँग सम्बन्धित अनुष्ठान तथा संस्कारले सामाजिक सम्बन्धलाई मजबुत बनाउन र आत्मीयताको भावना सृजना गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्। यसका साथै उक्त संस्कृतिभित्रका विभिन्न भूमिकाले सङ्गठित र सन्तुलित समाज निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछन्।

## *निष्कर्ष*

खस समुदायमा प्रचलनमा रहेको मस्टो संस्कृति प्युठानका खसहरूको प्रमुख संस्कृति हो। विशेषगरी कुलपूजा ( देवाली) मा मस्टोपूजासँग सम्बन्धित अनुष्ठान विश्वास र अभ्यास अद्वितीय छन्। प्युठानका खसहरूले मस्टोसँग गहिरो सम्बन्ध राख्दै कुलदेवताको रूपमा बाह्र मस्टो र नौ भगवतीको पूजा गर्ने गर्दछन्। कर्णाली तथा पश्चिम नेपालमा विकास भएको मस्टो संस्कृति विभिन्न परिस्थितिसँग अनुकूलित र रूपान्तरित हुँदै जाँदा आफ्नो मौलिक पहिचान गुमाइरहेको अवस्था छ। विशेषगरेर वैदिक आर्यसँगको सहघुलनको कारणले मस्टो संस्कृति हिन्दुकरणको तीव्र प्रक्रियामा अगाडि बढेको देखिन्छ।

खसहरूको मस्टो देवता निराकार, निरञ्जन र खुल्ला आकाशमुनि बस्ने देवताको रूपमा पुजिने भए पनि मन्दिर–प्रतिको आकर्षणले गर्दा परम्परागत रूपमा पुजिने मस्टो थानहरू भत्काएर धमाधम मन्दिर निर्माण भएको देखिन्छ, जसका कारणले मस्टो संस्कृति हिन्दु संस्कृतीकरणबाट जोगाउनुपर्ने देखिन्छ। यस अनुसन्धानले खस समुदायको सांस्कृतिक सम्पदाको संरक्षणमा मस्टो संस्कृतिको महत्त्व उजागर गरेको छ। यो अध्ययनले मस्टो संस्कृतिको वर्तमान अवस्था, जनताको जीवनमा यसको महत्त्व, सम्भावित चुनौती र यसका संरक्षणको महत्त्व जस्ता मुख्य पक्षलाई सम्बोधन गर्दै यसको दस्तावेजीकरण र संरक्षणमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ। मस्टो संस्कृतिलाई बुझेर, अभिलेखीकरण गरेर यो अनुसन्धानले केवल प्राज्ञिक साहित्यमा योगदान पुऱ्याउँदैन बरु खस समुदायमा रहेको सांकृतिक विविधता र यसको दिगो विकास र पर्यटनको सम्भावनालाई पनि जोड दिन्छ।

## *सन्दर्भ सामग्रीहरू*


जोशी, सत्यमोहन (सन् १९७१). *कर्णाली लोक संस्कृति.* भाग १, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

गिरी, गितु (२०५२). *प्युठान राज्यको इतिहास.* बुटवल : विशाल पुस्तक सदन ।

पोखेल, बालकृष्ण (२०५६). *खस जातिको इतिहास.* काठमाडौँ : फिनिक्स बुक

अधिकारी, सूर्यमणि (२०६१). *खस साम्राज्यको इतिहास.* काठमाडौँ : भुँडीपुराण प्रकाशन

अधिकारी, विनय (२०११). *नेपालको खस जाति.* काठमाडौँ : कन्सल्टिङ लयर इङ्ग।

खड्का, श्यामबहादुर (२०७२). *मस्टो संस्कृति र परम्परा.* काठमाडौँ : एकता पब्लिकेसन।

कार्की, तेजबहादुर (२०१८). *मस्टो संस्कृति : ऐतिहासिक एवम् सांस्कृतिक अध्ययन.* काठमाडौँ : शिक्षा बुक्स।

Adhikari, S.M. (1988). *The Khasa kingdom.* Kathmandu : Nirala Publication.

Durkhim, Emile (1997).*The Division Of Labor in Society.* Newyork : The Free press.

Thapa, R. (2002). 'Adaptive system of the inner Himalayan Khasa Chhetri (Topitalaya) People' (Master Thesis). Kathmandu : Department of Anthropology, Tribhuvan University.

Pradhan, R & Shrestha, A. (2005). *Ethnic and Caste Diversity: Implications for Development.* (4). Nepal Resident Mission: Asian Development Bank.

Puri, K. (2014). 'Being a Hindu in a Muliticulture context of Stavanger. Norway' (Master Thesis). Stavanger Norway: School of Mission and Theology.